# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५५) काठमाडौं भदौ ६ गते, २०६२ साल (संख्या १९


## भाग ३

श्री ५ को सरकार

### सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारले निजामती सेवा ऐन, २०४९ को दफा ७२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० को देहायको अधिकारहरु देहायबमोजिमका अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गरेको छ ।

१. क्षेत्रीय प्रशासक :

(क) आफ्नो मातहतका कर्मचारीहरुलाई नियमित रुपमा सरुवा गर्ने अधिकार सम्बन्धित मन्त्रालय/विभागलाई भएको हुंदा क्षेत्रीय प्रशासकले निजामती सेवा ऐन, २०४९ को प्रतिकूल नहुने गरी दफा १८ अनुसार सम्बन्धित सेवा, समूह, उपसमूह मिल्ने गरी देहाय बमोजिमको नीतिभित्र रही राजपत्र अनंकित र श्रेणी विहीन कर्मचारीहरुको सरुवा गर्ने,

(१) आफ्नो क्षेत्र भित्रका क्षेत्रीय, अञ्चल, डिभिजन, जिल्ला र स्थानियस्तरका कार्यालयमा कार्यरत कर्मचारीहरुलाई अन्तर अञ्चल मात्र सरुवा गर्ने ,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) आफ्नो क्षेत्रभित्रका क्षेत्रीय, अञ्चल र डिभिजनस्तरका कार्यालयहरुमा फाजिल दरबन्दीमा रहेका कर्मचारीहरुलाई क्षेत्रीय, अञ्चल, डिभिजन कार्यालयहरुको खाली दरबन्दीमा मिलान गर्ने,

(३) केन्द्रीयस्तर, विभागीयस्तर र लेखा समूहमा कार्यरत कर्मचारीहरुलाई सरुवा नगर्ने । सरुवा नगरी नहुने अवस्थामा सम्बन्धित विभाग वा मन्त्रालयमा लेखी पठाउने,

(४) निजामती सेवा ऐनले निर्दिष्ट गरेको अवधि पुरा नगरी कुनै पनि कर्मचारीलाई सरुवा नगर्ने । अवधि नपुर्दै सरुवा गर्नु पर्ने अवस्था भए पुष्ट्याई सहित सामान्य प्रशासन मन्त्रालयको सहमतिका लागि गृह मन्त्रालय मार्फत अनुरोध गरी पठाउने र सामान्य प्रशासन मन्त्रालयको सहमति प्राप्त भएपछि मात्र सरुवा गर्ने,

(५) निजामती सेवा ऐन, २०४९ को दफा १८ को उपदफा (३) बमोजिम तोकिएको समय तालिका अनुसार सरुवा गर्ने,

(६) निजामती सेवा नियमावली, २०५० को अनुसूची- १० र अनुसूची- ११ बमोजिमको अभिलेख राखी सम्बन्धित निकायमा पठाउने ।

(ख) निजामती सेवा ऐन, २०४९ को दफा १८क. अनुसार केन्द्रीयस्तर, विभागीयस्तर, लेखा समूह र कार्यालय प्रमुख बाहेकका क्षेत्रीय, अञ्चल र डिभिजनस्तरका कार्यालयका कर्मचारीहरुलाई निजामती सेवा ऐन,तथा नियमावलीको परिधिभित्र रही काज खटाउने,

(ग) निजामती सेवा ऐन, २०४९ को दफा ५५क. बमोजिम केन्द्रीयस्तर र विभागीयस्तर बाहेक क्षेत्रीय, अञ्चल र डिभिजनस्तरका कार्यालयहरुका राजपत्रांकित प्रथम श्रेणीसम्मका कर्मचारीहरु र जिल्लास्तरका विभागीय प्रमुखलाई चेतावनी दिने,

(घ) निजामती सेवा ऐन, २०४९ को दफा ४२ को उपदफा (४) र (५) बमोजिम क्षेत्रीय, अञ्चल र डिभिजनस्तरका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको शुरु कारबाही उठान गरी अख्तियारवाला समक्ष पठाउने,

(ङ) निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (ज) बमोजिम क्षेत्रीय, अञ्चल र डिभिजनस्तरका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको शुरु कारबाही उठान गरी अख्तियारवाला समक्ष पठाउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) निजामती सेवा ऐन, २०४९ को दफा ७२क. अनुसार क्षेत्रीय, अञ्चल र डिभिजनस्तरका कार्यालयहरुको वर्षमा दुई पटक व्यवस्थापन परीक्षण गरी सम्बन्धित मन्त्रालय र सामान्य प्रशासन मन्त्रालयमा सुझाव सहितको प्रतिवेदन पठाउने,

(छ) निजामती सेवा नियमावली, २०५० को नियम ११६क. बमोजिम क्षेत्रीय, अञ्चल र डिभिजनस्तरका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई पुरस्कृत गर्नको लागि सम्बन्धित मन्त्रालयमा सिफारिस गरी पठाउने,

(ज) निजामती सेवा ऐन, २०४९ को दफा ५४ र निजामती सेवा नियमावली, २०५० को नियम ११८ बमोजिम क्षेत्रीय, अञ्चल र डिभिजनस्तरका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको संम्पत्ति विवरण पेश गरे नगरेको अनुगमन गरी सम्वन्धित निकायमा पठाउने,

(झ) निजामती सेवा नियमावली, २०५० को नियम ६५ बमोजिम क्षेत्रीय, अञ्चल र डिभिजनस्तरका कार्यालयहरुका प्रमुखहरुको एक पटकमा ७ दिनमा नबढाई घर विदा र विरामी विदा स्वीकृत गर्ने ।

२. अञ्चल प्रशासक:

(क) आफ्नो मातहतका कर्मचारीहरुलाई नियमित रुपमा सरुवा गर्ने अधिकार सम्बन्धित मन्त्रालय /विभागलाई प्राप्त भएकोले अञ्चल प्रशासकले विशेष अवस्थामा प्रयोग गर्ने गरी निजामती सेवा ऐन, २०४९ को प्रतिकूल नहुने गरी दफा १८ अनुसार सम्बन्धित सेवा, समूह, उपसमूह मिल्ने गरी देहाय बमोजिमको नीतिभित्र रही राजपत्र अनंकित र श्रेणी विहिन कर्मचारीहरुको सरुवा गर्ने,

(१) आफ्नो अञ्चल भित्रका जिल्ला र स्थानीयस्तरका कार्यालयहरुका कर्मचारीहरुलाई अञ्चल भित्र मात्र सरुवा गर्ने,

(२) आफ्नो अञ्चल भित्रका फाजिल दरबन्दीमा रहेका कर्मचारीहरुलाई अञ्चल भित्रकै जिल्ला र स्थानीयस्तरका कार्यालयको खाली दरबन्दीमा मिलान गर्ने,

(३) केन्द्रीयस्तर, विभागीयस्तर र लेखा समूहमा कार्यरत कर्मचारीहरुलाई सरुवा नगर्ने । सरुवा नगरी नहुने अवस्थामा सम्बन्धित विभाग वा मन्त्रालयमा लेखी पठाउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) निजामती सेवा ऐनले निर्दिष्ट गरेको अवधि पुरा नगरी कुनै पनि कर्मचारीलाई सरुवा नगर्ने । अवधि नपुग्दै सरुवा गर्नु पर्ने अवस्थामा पुष्ट्याई सहित सामान्य प्रशासन मन्त्रालयको सहमतिका लागि गृह मन्त्रालय मार्फत अनुरोध गरी पठाउने र सामान्य प्रशासन मन्त्रालयको सहमति प्राप्त भएपछि मात्र सरुवा गर्ने,

(५) निजामती सेवा ऐन, २०४९ को दफा १८ को उपदफा (३) बमोजिम तोकिएको समय तालिका अनुसार सरुवा गर्ने,

(६) निजामती सेवा नियमावली, २०५० को अनुसूची- १० र अनुसूची- ११ बमोजिमको अभिलेख राखी सम्बन्धित निकायमा पठाउने ।

(ख) निजामती सेवा ऐन, २०४९ को दफा १८क अनुसार केन्द्रीयस्तर, विभागीयस्तर, लेखा समूहका कर्मचारीहरु र कार्यालय प्रमुख बाहेक अञ्चल भित्रका जिल्ला र स्थानीयस्तरका कार्यालयका कर्मचारीहरुलाई निजामती सेवा ऐन तथा नियमावलीको परिधिभित्र रही काज खटाउने,

(ग) निजामती सेवा ऐन, २०४९ को दफा ५५क. बमोजिम केन्द्रीयस्तर र विभागीयस्तर बाहेक अञ्चलभित्रका जिल्ला र स्थानीयस्तरका कार्यालयका विभागीय प्रमुख बाहेक राजपत्रांकित द्वितीय श्रेणीसम्मका कर्मचारीलाई चेतावनी दिने,

(घ) निजामती सेवा ऐन, २०४९ को दफा ४२ को उपदफा (४) र (५) बमोजिम जिल्ला र स्थानीयस्तरको कार्यालयमा कार्यरत कर्मचारीहरुको शुरु कारबाही उठान गरी अख्तियारवाला समक्ष पठाउने,

(ङ) निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (ज) बमोजिम जिल्ला र स्थानीयस्तरको कार्यालयमा कार्यरत कर्मचारीहरुको शुरु कारबाही उठान गरी अख्तियारवाला समक्ष पठाउने,

(च) निजामती सेवा ऐन, २०४९ को दफा ७२क. अनुसार अञ्चल प्रशासकले अञ्चलभित्रका जिल्ला र स्थानीयस्तरको कार्यालयहरुको वर्षमा दुई पटक व्यवस्थापन परीक्षण गरी सम्बन्धित मन्त्रालय र सामान्य प्रशासन मन्त्रालयमा सुझाव सहित प्रतिवेदन पठाउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।